मिति : २०८० माघ २९

श्री सचिव,
राष्ट्रिय सभा ।

राष्ट्रिय सभा नियमावली, २७५को नियम ७८ बमोजिम देहाय बमोजिमको संकल्प पेश गर्ने अनुमतिका लागि सुचना दिएका छौं ।

संकल्प प्रस्तावको विषय :मौलिक हक कार्यान्वयनको लागि कानुन निर्माण सम्वन्धमा

संविधान घोषणा भएको आठ वर्ष पूरा भएर अगाडि बढेका छौं । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले अध्ययन गरी २०८० असार २ गते पेश गरेको **"संविधान अनुसार बन्न बाँकी कानुनहरुको अध्ययन प्रतिवेदन २०८०"** अनुसार यसको पुर्ण कार्यान्वयनका लागि अझै पनि १८१ वटा कानून वन्नु पर्नेमा ४० वटा संघ तहबाट, २४ वटा प्रदेश तहबाट र ६ वटा स्थानीय तहबाट वन्न बाँकी रहेका छन् ।

संकल्प प्रस्तावको व्यहोरा:

संविधान प्रदत्त मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानून निर्माण तीन वर्षभित्र गरिसक्नुपर्ने व्यवस्था संविधानको (धारा ४७)मा उल्लेख छ । तर उक्त प्रतिवेदन अनुसार अझै पनि दर्जनभन्दा बढी धाराहरु स्वतन्त्रताको हक (धारा १७-२), समानताको हक (धारा १८), सञ्चारको हक (धारा १९), न्याय सम्बन्धि हक (धारा २०), यातना विरुद्धको हक (धारा २२), निवारक नजरबन्द विरुद्धको हक (धारा २३), सम्पत्तिको हक (धारा २५-३), धार्मिक स्वतन्त्रताको हक (धारा २६-२), शोषण विरुद्धको हक (धारा २९-४), शिक्षा सम्बन्धि हक (धारा ३१), स्वास्थ्य सम्बन्धि हक (धारा ३५), महिलाको हक (धारा ३८), दलितको हक (धारा ४०-५ र ६) को कार्यान्वयनका लागि कानून बन्न बाँकी रहेकोछ । जुरी नेपालले (२०७८) मा गरेको अध्ययन अनुसार महिलाको हक (धारा ३८) संग वाझिएका कानूनको संख्या मात्र पनि ४२ वटा थिए, जुन आजसम्म पनि संशोधन भएका छैनन ।

संविधानको पूर्ण कार्यान्वयनको लागि आवश्यक कानून बनाई नागरिकको मौलिक हक उपभोगको सुनिश्चितता प्रदान गर्नु राज्यको दायित्व हो र उपभोग गर्न पाँउनु नागरिकको अधिकार हो ।

संकल्प प्रस्ताव गर्नपर्नाको कारण :

कानुनको अभावमा संविधान प्रदत्त नागरिकको मौलिक हक कार्यान्वयन गर्न समस्या भएकोले ।

संकल्प

संविधान जारी भएको नवौं वर्षगाँठको सन्दर्भमा आगामी २०८१ असोज ३ गते सम्म उल्लेखीत सम्पूर्ण कानूनहरु बनाई सक्न संघीय संसदको चालु पन्ध्रौं अधिवेशन भित्रै संसद समक्ष विधेयकको मस्यौदा गरी पेश गर्न यो संकल्प प्रस्ताव पेस गरेका छौं ।

सम्बन्धित मन्त्री: कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ।

नोट :(संसदको जानकारीको लागि दुवै प्रतिवेदन यसै प्रस्तावको अनुसूचीका रुपमा संलग्न गरिएको छ ।)

प्रस्तावक तथा समर्थकहरूको विवरण

प्रस्तावक	हस्ताक्षर
दिलकुमारी रावल थापा 'पार्वती'	

मिति : २०८० माघ २९ गते सोमवार

समर्थक	राजनीतिक दल	हस्ताक्षर
देवेन्द्र दाहाल	नेकपा (एमाले)	
आनिता पौडेल	नेपा का	आनिता पौडेल
गोपीबहादुर लामा आङ्देम्बे	नेकपा मा.वे.	गोपीबहादुर
कामदत्ती दोर्दि रावल	नेपा समाजवादी	
मोहम्मद बासिद	जसपा	
देवेन्द्र कुमार सिंह	लो. स. पा.	देवेन्द्र कुमार सिंह
तुलसी प्रसाद चिरौकुटी	रा. ज. मोर्चा	
विमला राई पौड्याल	मनोनित	विमला
रिजमलाल पेक्काटा	स्वतन्त्र	

संविधान अनुसार बन्न बाँकी कानूनहरूको अध्ययन प्रतिवेदन, २०८०

संघीय संसद

राष्ट्रिय सभा

विधायन व्यवस्थापन समिति

परिच्छेद ५
निष्कर्ष, सुझाव तथा सिफारिसहरू

१०. निष्कर्ष, सुझाव तथा सिफारिसहरू

संविधान कार्यान्वयनको सात वर्ष र संविधान बमोजिम संघीय संसद अन्तर्गत प्रतिनिधि सभाको पहिलो कार्यकाल पूरा भइसक्दासम्म पनि संविधान अनुसार बन्नु पर्ने सबै कानून बन्न नसक्नुलाई त्यति राम्रो मान्न सकिँदैन। संविधान कार्यान्वयनका लागि संविधानप्रदत्त हकको विस्तृतीकरण र सुरक्षा विधायिकी कानूनबाटै हुन्छ र त्यसको प्राप्ति सोही विधायिकी कानूनले निर्धारित गरिदिएको सीमाअधीनस्थ कार्यविधि कानूनबाट। त्यसैले कानूनको अभावमा संविधानको प्रभावकारी कार्यान्वयन हुन सक्दैन जुन कुराको उदाहरणका रूपमा देशभर व्याप्त आमाको नामबाट नागरिकता प्राप्तिको विषयलाई लिन सकिन्छ।

यस अवधिमा सरकार र संसदले केही गर्दै नगरेको भने होइन। तथापि सरकार र संसदका प्रयास धेरै सुस्त र अपूर्ण भएको भने अबश्य हो। सरकारले विधेयक प्रस्तुत गर्ने र संसदले छलफल गरी पारित गर्ने प्रणाली भएको हुँदा पहिलो सुरूवातकर्ताका रूपमा सरकारको भूमिका प्रशंसायोग्य रहन नसकेको मान्न सकिन्छ। त्यसलाई सुधार गरेर आपसी समन्वय र सहकार्यलाई बढावा दिँदै कानून निर्माणमा हुने निकायगत जिम्मेवारीलाई ग्रहण गरेर अगाडि बढ्नु अनिवार्य देखिन्छ।

प्रस्तुत अध्ययनले अविलम्ब कानून निर्माणका लागि सरकारले पहलकदमी लिनु पर्ने विषय र अन्य केही रणनीतिगत एवं विधायिकी अनुशासनसम्बद्ध विषयलाई सुझाव तथा सिफारिस मार्फत् अगाडि सारेको छ। संघले पहलकदमी लिनु पर्ने करिब चालिस वटा कानून तत्काल निर्माणका अविलम्ब प्रक्रिया अगाडि बढाउनु अत्यावश्यक भएको छ। त्यस्तै विधेयक व्यवस्थापनसम्बद्ध विषयमा सरकारको भूमिकालाई व्यवस्थित गर्ने सम्बन्धमा केही सैद्धान्तिक र व्यावहारिक सुझाव समेत प्रस्तुत गरिएको छ।

प्रस्तुत अध्ययन अनुसार बन्नु पर्ने कानूनको सूची तथा अन्य व्यावहारिक सुझावहरू देहाय बमोजिम रहेका छन्:-

१०.१. अविलम्ब कानून निर्माण हुनु पर्ने विषयहरू

१. **धारा १०-१५ र २९१(२) नेपाल नागरिकता सम्बन्धी कानूनः** नेपाल नागरिकता ऐन, २०६३ रहे तापनि संविधान अनुकूल नभएको र विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपालको नागरिकका सम्बन्धमा गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ ले केही व्यवस्था गरेको भए तापनि विदेशको स्थायी आवासीय अनुमतिपत्र त्यागेको नेपाली

नागरिक सम्बन्धी व्यवस्था पूर्ण नभएको हुँदा सो समेतका व्यवस्था समावेश गरी नयाँ नागरिकता सम्बन्धी कानून निर्माण गर्नु पर्ने।

२. **धारा २०: कानूनी सहायता सम्बन्धी विषय** (परिवर्तित राज्य संरचना समेतलाई सम्बोधन हुने गरी नयाँ विस्तारित कानून बन्नु पर्ने)

३. **धारा ३१ संघीय शिक्षा कानून:** शिक्षा ऐन, २०२८ लाई तत्काल संविधान अनुकूल बनाउनु पर्ने (मातृभाषामा निःशुल्क शिक्षा पाउने हक सम्बन्धी विषयको समेत सम्बोधन गर्नु पर्ने) उच्च माध्यमिक शिक्षा सम्बन्धी ऐन समेत शीघ्र ल्याउनु पर्ने। शिक्षा सम्बन्धी मूल ऐन जारी हुन नसकेका कारण प्रदेश र स्थानीय तहमा शिक्षा सम्बन्धी कानून बनाउन समेत समस्या रहेको।

४. **धारा ३५ जनस्वास्थ्य कानून:** स्वास्थ्यको हक सम्बन्धी विषय (जनस्थास्थ्य सम्बन्धी कानूनहरूलाई एकीकृत गरी संघीयता अनुकूल बनाउनु पर्ने)।

५. **धारा २६८(४) नेपाल प्रहरी कानून:** प्रहरी ऐन, २०१२ धेरै पुरानो भएको कारण सुरक्षा परिचालन र प्रहरी कर्मचारीको वृत्ति विकास समेतमा नकारात्मक असर परेको हुँदा संघीयता अनुकूल हुने गरी कानून तर्जुमा गर्नु पर्ने।

६. **धारा २८५(१) र (२) संघीय निजामती कानून:** संघीय निजामती सेवा ऐन नहुँदा प्रदेश र स्थानीय तहको सेवा कानून समेत बन्न नसकी प्रशासन सञ्चालनमा गम्भीर असर परेकोले सो जारी गर्नु पर्ने।

७. **धारा १७(२)(घ): संघ, संस्था खोल्ने स्वतन्त्रता सम्बन्धी विषय** (भैरहेका कानून प्रभावकारी नरहेकाले नयाँ बनाउनु पर्ने)

८. **धारा १९: सञ्चारको हक सम्बन्धी विषय** (कानूनहरू रहेतापनि केही पुराना समेत भएको हुँदा **आमसञ्चारमा** सूचना प्रविधिको प्रयोगको विषय समेतलाई नियमन गर्ने गरी एकीकृत कानून बन्नु पर्ने)

९. **धारा २५(३): सम्पत्तिको हक, अधिग्रहण र क्षतिपूर्ति सम्बन्धी विषय** (२०१३ सालको कानून समयानुकूल नभएकाले अधिग्रहण र जग्गा प्राप्तिसँग सम्बन्धित विषयमा एकीकृत कानून बन्नु पर्ने)

१०. **धारा ३१: विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी कानून:** सबै विश्वविद्यालयलाई नियमन गर्ने गरी छरिएका कानूनलाई एकीकृत गरी विश्वविद्यालय सम्बन्धी छाता कानून र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूको एकीकृत छाता कानून बनाउनु पर्ने।

११. **धारा ३१: महिलाको हक सम्बन्धी कानून:** महिलाको हकको समग्र पक्षलाई समेटेर विशेष व्यवस्था गर्नु पर्ने।

१२. **धारा ४०(५) र (६): भूमिहीन दलितलाई एकपटकका लागि जग्गा र आवासविहीन दलितलाई बसोबासको प्रबन्ध सम्बन्धी विषय** (भूमि सम्बन्धी ऐन, २०२१ मा दफा ५२क थप गरी तीन वर्षभित्र काम गरिसक्ने भनिएकोमा सो हुन नसकी तीन वर्षको अवधि व्यतित भएको हुँदा सो सम्बन्धमा प्रबन्ध गर्नु पर्ने)

१३. **धारा १०१(५) र (१०): महाअभियोग सम्बन्धी विषय** (महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ लाई संविधान अनुकूल बनाउनु पर्ने)

१४. **धारा १०७: संघीय संसदको सचिवालय सञ्चालन सम्बन्धी** (संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ धेरै पुरानो र असान्दर्भिक भएको हुँदा नयाँ बनाउनु पर्ने)

१५. **धारा १३७(४): संवैधानिक इजलास, इजलासमा न्यायाधीश र मुद्दा तोक्ने लगायत विषय** (सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ रहे तापनि विधायिकी कानून बनाई नियमन गर्नु पर्ने)

१६. **धारा १५५: संघीय न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी विषय** (राज्य पुनर्संरचना समेतलाई आधार मानी नयाँ कानून जारी हुनु पर्ने)

१७. **धारा १५६: प्रदेश न्याय सेवा आयोगको गठन र प्रदेश न्याय सेवाका कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी विषय** (एकीकृत न्यायप्रणालीमा प्रदेश न्याय सेवा आयोगको आवश्यकता, औचित्य र प्रयोजन स्पष्ट हुनु पर्ने गरी कानून जारी हुनु पर्ने)

१८. **धारा १६१: सरकारी वकील तथा महान्यायाधिवक्ता कार्यालयको मातहतका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी विषय** (संघीय निजामती सेवा कानून बनेपछि बनाउनु उपयुक्त हुने)

१९. **धारा १६६(१) र (२): प्रदेश प्रमुखको अधिकार र अधिकारको प्रयोग सम्बन्धी विषय**

२०. **धारा २३१(३):** दुई वा दुईभन्दा बढी प्रदेशले अनुसूची-६ मा उल्लिखित विषयमा कानून बनाउन नेपाल सरकारसमक्ष अनुरोध गरेमा संघीय संसदले कानून बनाउने सम्बन्धी विषय

२१. **धारा २६८(४): नेपाल विशेष सेवाको गठन तथा सञ्चालन सम्बन्धी विषय** (नेपाल विशेष सेवा ऐन, २०४२ धेरै पूरानो, असान्दर्भिक भएको र संसदमा राष्ट्रिय सभाले पारित गरेको **विधेयक** समेत प्रतिनिधि सभाको कार्यकालसँगै निष्क्रिय भएको हुँदा थयाशीघ्र जारी गर्नु पर्ने)

२२. **धारा २७६: राष्ट्रपतिले सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्ने सम्बन्धी विषय (फौजदारी** कसूरको सजाय र कैद बाहेकका जरिवाना मिनाहाका विषयमा कानून आवश्यक भएको)

२३. **धारा १७(२)(क): विचार तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी विषय** (आधार र सीमा समेत निर्धारण हुनु पर्ने)।

२४. **धारा २२, २३, २७३(१२): एकीकृत क्षतिपूर्ति कानून आवश्यक** (क्षतिपूर्ति ऐन, २०१९ खारेज गरी अपराधपीडितको क्षतिपूर्ति बाहेकका समग्र विषय समेटी जारी गर्नु पर्ने)।

२५. **धारा २६(२) र धारा २९०: धार्मिकस्थल तथा धार्मिक गुठी सञ्चालन र गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीको अधिकार र अन्य व्यवस्था सम्बन्धी विषय** (गुठी संस्थान ऐन, २०३३ भए तापनि पुरानो भएको र गुठी जग्गाको संरक्षण र सञ्चालन एवं किसानको अधिकार सुरक्षित गर्न नयाँ कानून बनाउनु पर्ने)।

२६. **धारा २९(४): सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने विषय।**

२७. **धारा ६१(२) र धारा ११३: राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरण सम्बन्धी कार्यलाई थप स्पष्ट गर्ने विषय** (छुट्टै कानूनको आवश्यकताबोध भएको)।

२८. **धारा ८५(२): प्रतिनिधि सभाको कार्यकाल थप हुने सम्बन्धी विषय** (विषयमा थप स्पष्टताका लागि कानूनको आवश्यकताबोध भएको)।

२९. **धारा ८८: संसदका सदस्यको शपथ सम्बन्धी विषय** (प्रतिनिधि सभाको ज्येष्ठ सदस्यको शपथ सम्बन्धी विषयलाई सम्बोधन गर्नु पर्ने)।

३०. **धारा ९३ र १०३(९): संघीय संसदको विशेषाधिकार र संसदका सभाहरूको अधिवेशन आह्वान र अन्त्य सम्बन्धी विषय** (आह्वान र अन्त्य गर्दा संघीय संसदसँग समन्वय र परामर्शमा हुने गरी थप सपष्ट पार्नु पर्ने गरी कानूनको आवश्यकताबोध भएको)।

३१. **धारा ११५(१): कर लगाउने सम्बन्धी विषय** (कर सम्बन्धी कानूनहरूलाई एकीकृत गरी कर सम्बन्धी दोहोरोपनाको अन्त्य गर्ने)।

३२. **धारा १२८(४): अदालतको अवहेलनामा कारबाही चलाउने सम्बन्धी विषयमा** कानून बनाई नियमन गर्नु पर्ने।

३३. **धारा १३४(२) र धारा १४५(२): एउटा उच्च अदालतबाट अर्को उच्च अदालत वा उच्च अदालत मातहतको एउटा जिल्ला अदालतबाट अर्को जिल्ला अदालतमा मुद्दा सार्न आदेश दिने सम्बन्धी विषयमा** आधार कारण र अवस्था तोक्ने गरी कानून बनाई नियमन गर्नु पर्ने (न्याय प्रशासन ऐन, २०७३ मा केही व्यवस्था रहे तापनि पर्याप्त रहेको नदेखिएको)।

३४. **धारा १३८(३): सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन सम्बन्धी विषय** (सर्वोच्च अदालत नियमावलीमा केही व्यवस्था रहेको देखिए तापनि संविधानमा उल्लेख भए अनुसार समेट्नु पर्ने विषयलाई सर्वोच्च अदालत ऐन वा नियमावलीमा थप्नु पर्ने)।

३५. **धारा १४३(१): उच्च अदालतको न्यायाधीशलाई अन्य काममा लगाउने सम्बन्धी विषय** ("अन्य काम" को बारेमा सीमा तोकी स्पष्ट गर्नु पर्ने देखिएको)।

३६. धारा २४६(२) र २७५(२) राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह सम्बन्धी विषय (संसदीय नियमावलीमा संसदभित्रको प्रक्रियामात्र उल्लेख भएको हुँदा विधायिकी कानून बन्नु उपयुक्त हुने)।

३७. धारा २६६(४): राष्ट्रिय सुरक्षा परिषद्को अन्य व्यवस्था सम्बन्धी विषय ।

३८. धारा २६७ (४): नेपाली सेनालाई विकास निर्माण र विपद् व्यवस्थापनमा लगाउन सक्ने सम्बन्धी विषय (सैनिक ऐनमा लगाउन सक्ने मात्र उल्लेख भएको) ।

३९. धारा २९०: गुठी जग्गामा भोगाधिकार रहेका किसान एवं गुठीको अधिकार र अन्य व्यवस्था सम्बन्धी विषय (गुठी संस्थान ऐन, २०३३ भए तापनि पुरानो भएको र गुठी जग्गाको संरक्षण र सञ्चालन एवं किसानको अधिकार सुरक्षित गर्न नयाँ कानून ल्याउनु

पर्ने।

४०. धारा २९४(२): संवैधानिक निकायको वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुरा सम्बन्धी विषय (सम्बन्धित निकायको ऐनमा नै प्रबन्ध गर्न उपयुक्त हुने)।

१०.२. अध्ययनसम्बद्ध अन्य सुझावहरू

- संविधानको धारा १८(३), ३८, ४०, २८१, ३०६(१) (क) र ३०६(१) (ङ) समेतसँग सम्बन्धित देखिएको विशेष समूहका लागि विशेष संरक्षणको व्यवस्था गर्ने सम्बन्धी विषयमा केही कानूनहरू रहे तापनि संविधानको मर्मलाई सम्बोधन गरेको नदेखिएको हुँदा हरेक विषयगत कानूनमा विशेष समूहका लागि विशेष संरक्षण सम्बन्धी व्यवस्थालाई प्रभावकारी रूपमा समावेश गर्ने।
- संविधानको धारा १८ (३) र ३१(३) सँग सम्बन्धित आर्थिक रूपले विपन्नताको आधार तोक्ने सम्बन्धी विषयमा सरकारले तत्काल उक्त विषय तोक्नुपर्ने ।
- संविधानको धारा १११ (१०) बमोजिम प्रतिनिधि सभाको कार्यकालपछि निष्क्रिय भएका विधेयक निष्क्रिय हुँदाको अवस्थासम्ममा भएको संशोधनसमेतलाई सरकारले अपनत्व लिई त्यसपश्चातको संसदको पहिलो अधिवेशनमा अनिवार्य रूपमा पेश गर्ने प्रबन्ध गर्ने ।
- सबै विधेयकमा सामाजिक न्याय, दिगो विकासका अवधारणालाई आत्मसात् गरी तर्जुमा गरिनु पर्ने।

नेपालमा महिला हक सम्बन्धी प्रचलित कानूनी व्यवस्था र भावी रणनीति बारे अध्ययन प्रतिवेदन २०७८
सारांश

परिचय

संविधान देशको सर्वोच्च कानून हो । सामान्यतया संविधानमा राज्यको आधारभूत संरचना वा सरकारका उच्च अङ्गहरू र प्रशासनको व्यवस्था, तीनीहरूको गठन, अधिकार र मुख्य कार्यहरू उल्लेख गरेको हुन्छ साथै नागरिक र राज्य बीचको सम्बन्धको व्यवस्था गरेको हुन्छ । नागरिकका मौलिक हक अधिकारको संरक्षण, सामाजिक न्यायको सुनिश्चितता, स्रोतहरूको समान वितरण, जनताको आधारभूत आवश्यकताको पूर्ति र राज्यका सबै नागरिकलाई समान व्यवहार गरिने र कुनै आधार र कारणबाट पिछडिएको वर्गलाई विशेष व्यवस्था गर्ने आधुनिक लोकतान्त्रिक संविधानको विशेषता हो । त्यसैले लोकतान्त्रिक संविधानमा जनताको अधिकार के कस्तो छ र राज्य व्यवस्थामा जनताको उपस्थितीलाई कसरी स्थान दिएको छ भन्ने महत्वपूर्ण हुन्छ । लोकतान्त्रिक मुल्य र मान्यता भएका देशका संविधानमा नागरिकको आधारभूत मानव अधिकारलाई मौलिक हकको रुपमा संविधानद्वारा सुनिश्चित गरेको हुन्छ । देश विकासका सूचकहरुमा भौतिक संरचना र सुविधामात्र पर्याप्त नभई व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र जीवनको अधिकारका साथै राज्यका हरेक संरचनामा विना भेदभाव अर्थपूर्ण सहभागिताको अनुभूति पनि महत्वपूर्ण सूचकको रुपमा मानिने भएको हुनाले संवैधानिक विधिशास्त्रले यस प्रकारको अधिकारको संवैधानिक संरक्षणलाई संविधानवाद(Constitutionalism) को एक अभिन्न अंगको रूपमा लिएका छन् ।

नेपालको संविधान २०७२ ले मौलिक हकको रूपमा ३१ वटा अधिकारहरू प्रत्याभूत गरेको छ । महिला अधिकारको दृष्टिकोणले यी सबै अधिकारहरू महत्वपूर्ण भए तापनि धारा ३८ अझ विशेष रुपमा लिन सकिन्छ । यस धाराले महिला हकको अधिकारसँग सम्बन्धित देहायबमोजिमका महत्वपूर्ण सवालहरूलाई महिलाको मौलिक हकको रूपमा सुनिश्चित र संरक्षण गरेको छः

१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक ।

२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक ।

३) महिला विरूद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलनका आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक ।

४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक ।

५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने हक,

६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक ।

नेपालको संविधानको धारा ४७ बमोजिम उल्लेखित हकहरूको कार्यान्वयनको लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभभित्र कानुनी तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। जस अनुरुप धेरै कानुनहरु तर्जुमा गरेको अवस्था छ भने कैयौ विद्यमान कानूनी व्यवस्थाहरु संशोधन गरेको अवस्था पनि छ । संविधानको धारा ३८ मौलिक हक अन्तर्गत अरु मौलिक हक जस्तै स्वतन्त्र धारा हो र यो हक कार्यान्वयनको लागि पनि सरकारले धेरै कानूनहरु निर्माण गर्नुपर्ने अवस्था छ भने विद्यमान कानूनहरु संविधानसँग मिलान हुने गरि संशोधन गर्नु पर्ने अवस्था पनि छ। हालसम्म पनि संविधानको धारा ३८ ले सुनिश्चित गरेको मौलिक हक कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारले पर्याप्त कानुनहरु तर्जुमा गरेको अवस्था नभएको र उक्त धारासँग बाँझिएका विद्यमान कानूनी व्यवस्थाहरुमा पनि संशोधन गर्न बाँकी भएको हुनाले उक्त धारासंग सम्बन्धित विभिन्न कानुनी व्यवस्थाहरु अध्ययन गरि सो अध्ययनको आधारमा संविधानको धारा ३८ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न शंसोधन प्रस्ताव आवश्यक देखिन्छ।

उद्देश्य

नेपालको संविधानको धारा ३८ ले सुनिश्चित गरेको मौलिक हक कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारले तर्जुमा गरेका नयाँ कानूनी व्यवस्था तथा विद्यमान कानुनी व्यवस्था पर्याप्त नभएको हुनाले देहायको उद्देश्य अनुरुप मस्यौदा विद्येयक तयार पारी संघीय संसदबाट पारित गर्नुपर्ने आवश्यकता देखिएको छ:

- ✓ नेपाल सरकारको धारा ३८ले प्रत्याभूत गरेका महिलाको मौलिकहक प्रभावकारी रुपमा कार्यान्वयन गर्न विद्यमान कानुनमा भएको व्यवस्थाहरु संशोधन गर्नुपर्ने तथा नयाँ व्यवस्था थप गर्नुपर्ने आवश्यकता रहेको,
- ✓ महिलाको हक अधिकारसँग सम्बन्धित कानूनी व्यवस्थाहरु तथा महिला हिंसा विरुद्धका कानूनी व्यवस्थाहरु संविधानको धारा ३८ सँग बाँझिएको देखिएकोले संशोधन गर्न आवश्यक भएको,
- ✓ संविधानको ३८ कार्यान्वयनको प्रक्रियामा तर्जुमा गरेका कानूनी व्यवस्थाहरु तथा विद्यमान कानूनी व्यवस्थाहरु नेपालको संविधान र सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्ताहरू, तथा नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झौतासँग मिलान नभएको हुनाले सो अनुसार बनाउनु पर्ने भएको हुनाले।
- ✓

औचित्य

नेपालको संविधानको धारा ३८ ले प्रत्याभूत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, महिला विरूद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्धको हक र राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने हक तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक जस्ता मौलिक हकहरु जस्ताको तस्तै कार्यान्वयन गर्नु राज्यको दायित्व हो। हक सुनिश्चित गर्नुमात्र पर्याप्त विषय नभई मौलिक हकको रुपमा प्रत्याभूत यस प्रकारका विशेष हकहरु नीतिगत तथा व्यवहारिक रुपमा कार्यान्वयन हुन जरुरी छ। लैंगिक समानता तथा सामाजिक समावेशिकरण संविधानको पुर्व सर्त हो भने महिलाको समान वंशिय हक तथा राज्यको कुनै पनि निकायमा समानुपातिक सहभागिताको हक महिलाको मौलिक हक हो। तर हालसम्म पनि सो हकलाई कानूनी तथा व्यवहारिक रुपमा

कार्यान्वयन भएका छैनन् । हालसम्म पनि आमाको नाउँबाट सन्तानले नागरिकता प्राप्त गर्न सकेको अवस्था छैन भने महिलाको सहभागिता समानुपातिक रुपमा नभइ ३३ प्रतिशत मै सिमित रहेको अवस्था छ । परिवार तथा सम्पति सम्बन्धी हकमा अहिले पनि भेदभावजन्य कानुनी व्यवस्था यथावत नै रहेको छ भने प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार पनि पर्याप्त छैनन् । नागरिकता प्राप्ती, विवाह, जन्म दर्ता तथा सम्पति सम्बन्धी अधिकारमा हालसम्म पनि लैंगिकताको आधारमा भेदभाव कायम रहेको अवस्था छ । यस सन्दर्भमा संविधानको धारा ३८ मा गरेको व्यवस्था संविधानको अन्य धारासँग बाँझिएको देखिन्छ भने विद्यमान धेरै कानूनहरु पनि संविधानसँग बाँझिएका छन् । नेपालमा महिला अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकारले विशेष ऐन देखि सामान्य ऐनसम्ममा धुपै सकारात्मक व्यवस्थाहरु गर्दै आएको भएता पनि ती कानुनहरू छरिएर रहेका छन् ।

संविधानद्वारा प्रत्याभूत महिलाका विशेष अधिकार शिक्षा, स्वास्थ्य तथा रोजगार सम्बन्धी मौलिक अधिकारहरू कार्यान्वयन गर्न विद्यमान कानुनहरू पर्याप्त नभएको भन्ने कुरा न्याय तथा अधिकार संस्था नेपाल (जुरी-नेपाल) ले गरेको अध्ययनबाट प्रष्ट भएको हुनाले सो कुरालाई सम्बोधन गर्न विद्यमान कानूनमा थप गनुपर्ने देखिन्छ । संविधानको धारा ३८ महिलाहरुको लागि व्यवस्था गरिएको स्वतन्त्र धाराका साथै विशेष मौलिक हक पनि हो । संविधान लागु भएको ८ वर्षसम्म पनि त्यस्ता बाँझिएका कानुनहरु संशोधन नभई यथावत रुपमा राज्य आफैले प्रत्याभूत गरेको मौलिक अधिकारप्रति सम्वेदनशिल नभएको मात्र नभई नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी विभिन्न दस्तावेज, प्रतिवद्धता तथा नेपालको सर्वोच्च अदालतबाट प्रतिपाद्धित शिद्धान्तहरु समेतसँग बाँझिएको हुनाले बाँझिएका सम्पूर्ण कानुनी व्यवस्थाहरुलाई एकमुष्ट रुपमा संशोधन गर्न आवश्यक भएको हुनाले तत् तत् कानून संशोधन गर्न आवश्यक देखिएको छ । त्यसको लागि देहाय बमोजिमका करिव ४२ वटा कानुनहरुमा आवश्यक संशोधन गर्नुपर्ने देखिएको छ:

१. **प्रत्येक महिलालाई लैंगिक** भेदभाव विना समान वंशीय हकका सम्बनधमा राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता ऐन, २०७६, नेपाल नागरिकता ऐन, २०६३ तथा नियमावली, बालबालिका सम्बन्धी ऐन, २०७५,

२. **प्रत्येक महिलाको सुरक्षित** मातृत्वसम्बन्धी हकका सम्बन्धमा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी ऐन, २०७५,

३. **महिला हिंसा विरुद्धको हक** अन्तर्गत मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्ने सम्बन्धमा बनेको ऐन, २०७१, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र बालबालिकासम्बन्धी ऐन, २०७५,

४. **राज्यको सबै निकायमा महिलाको** समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक अन्तर्गत लोकसेवा आयोग ऐन, २०६६, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, निर्वाचन आयोग ऐन, २०७३, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय महिला आयोग ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, राष्ट्रिय दलित आयोग ऐन, २०७४, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४, राष्ट्रिय आदिवासी जनजाति आयोग ऐन, २०७४, राष्ट्रिय मधेशी आयोग

ऐन, २०७४, राष्ट्रिय थारु आयोग ऐन, २०७४, राष्ट्रिय मुस्लिम आयोग ऐन, २०७४, निजामती सेवा ऐन, २०४९, नेपाल विशेष सेवा ऐन, २०४२, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, न्याय सेवा ऐन, २०७३, प्रहरी ऐन, २०१२, सशस्त्र प्रहरी ऐन, २०५८, सैनिक ऐन, २०६३, राजनितिक दल सम्बन्धी ऐन, २०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ र स्थानिय तह निर्वाचन ऐन, २०७३,

५. महिलालाई सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक अन्तर्गत अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सम्बन्धी ऐन, २०७४ र रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र

६. सम्पत्ति र पारिवारिक मामिलामा दम्पत्तिको समान हक अन्तर्गत मुलुकी देवानी संहिता, २०७४ ।